गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्को प्रकाशन

# एनआरएन पत्र

कोभिड-१९ बिशेषांक

अंक १० असार २२, २०७७

July 6 2020, Issue 10

# एनआरएनएलाई आइएलओको ५ करोड १० लाख रूपैया सहयोग

संयुक्त राष्ट्र संघ अन्तर्गतको अन्तर्राष्ट्रिय श्रम संगठनले (आइएलओ) गैरआवासीय नेपाली संघ एनआरएनए लाई ५ करोड १० लाख रूपैयाँ अनुदान सहयोग दिने भएको छ । आइएलओ र संघबीच २९ जुन (मंगलबार)मा सहमतिपत्रमा हस्ताक्षर भएको जनाएको छ । संघका अध्यक्ष कुमार पन्तका अनुसार विशेष गरी कोभिड-१९ बाट प्रभावित मलेसिया, युएई, कतार र साउदी अरब गरि चार देशका नेपालीको सहयोगार्थ आइएलओले सो आर्थिक सहयोग गरेको हो । सो रकम कोभिड-१९ ले श्रम बजारमा पारेको प्रभाव अध्यय नगर्न र श्रमिकको हितमा खर्च गरिने छ । संघले ती मुलुकमा रहेका नेपालीको सहयोग का लागि नेपाली कुटनीतिक नियोगसँग समन्वयगरि कार्यालय स्थापना गरेर आफ्नो कार्य अघि बढाउने तयारी गरिरहेको छ । सो कार्यालयबाट विदेशमा कोरोना कै कारणले जागिर छोड्न बाध्य पारिएका लाई सुरूमै कानुनी परामर्श दिने तयारी संघले गरेको छ । संघका महासचिव डा. हेमराज शर्माले गैर आवासीय नेपाली संघले पहिलो पटक विदेशी संस्थाबाट यति ठूलो आर्थिक सहयोग प्राप्त गरेको बताउनुभयो । संघका लागि यो एक कोषेढुंगा सावित हुने र अब उपरान्त संघले कुनै व्यक्तिको खल्ती ताकेर बस्नु नपर्ने शर्माको भनाई छ । सहयोगको लागि गैरआवासीय नेपाली संघको तर्फबाट संघका उपाध्यक्ष डा. बद्री केसी, महासचिव डा. हेमराज शर्मा, डा. पुरू श्रेष्ठ र एकनाथ खतिवडाले प्रपोजल तयार पार्नु भएको थियो । आइएलओले सो प्रस्तावलाई करिब ५ हप्ता लगाएर अध्ययन गरेपछि आर्थिक सहयोग गर्ने निष्कर्षमा पुगेको हो । अन्तर्राष्ट्रिय श्रम संगठनले विश्वभर छरिएका श्रमिकको हितमा काम गर्दै आएको छ ।



GoN Registration No.: 01-2070/71 FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली

**Non-Resident Nepali Association (NRNA)**
**गैरआवासीय नेपाली संघ**

**NRNA & ILO Sign a Project on Repatriation of Nepali Migrant Workers Impacted by COVID 19**

Non-Resident Nepali Association (NRNA) and The International Labor Organization (ILO), Country Office for Nepal, entered into a project agreement on 29 June 2020 to implement the **COVID 19 – Response to Nepali Migrant Workers for Repatriation and Return Project** in 5 countries - namely Nepal, Malaysia, Saudi Arabia, Qatar, and the United Arab Emirates. As a part of the ILO's Migrant Rights and Decent Work (MIRIDEW) Project, with financial assistance from Government of Switzerland, this initiative aims to collaborate with Nepali missions in Malaysia, Saudi Arabia, Qatar and UAE to provide effective services to Nepali migrant workers impacted by COVID-19; provide legal/paralegal assistance and short-term shelter support for the most vulnerable Nepali migrant workers and support Government of Nepal in providing safe and secure transit services to returning Nepali migrant workers back in Nepal.

For this collaboration, ILO will provide financial support of US $424,310 (Around NPR 5 Crore 10 Lakh). The project starts on 1 July 2020 and will conclude by 28 February 2021. NRNA will act as the implementing partner with administrative, logistical, and volunteer support for this project.

The collaboration with ILO significantly boosts NRNA's ongoing efforts in mitigating the impact of COVID-19. NRNA has adopted both strategic and operational approaches developed by its High-Level Committee on COVID-19 Pandemic Mitigation Response: the 3R Programs – Relief, Repatriation and Rehabilitation of the Nepalese migrants. NRNA has mobilized more than 2,000 volunteers in 49 countries and extended support to more than a hundred thousand needy non-resident Nepali.

We express our gratitude to ILO for its generous support, and acknowledge that this project marks a historic milestone for NRNA in delivering humanitarian assistance in collaboration with global institutions such as ILO. We also thank Vice President Dr. Badri K.C., General Secretary Dr. Hem Raj Sharma, Dr. Puru Shrestha and Mr. Ekanath Khatiwada for leading the efforts to build this collaboration between NRNA and ILO.

NRNA is confident that this project will bring a meaningful impact in the lives of stranded Nepali migrant workers due to COVID-19 pandemic. We look forward to expanding our collaboration with ILO in other areas.

Sincerely,

Kumar Panta,
President, Non-Resident Nepali Association

4th July 2020

P.O.B 1189 Kathmandu, Nepal (977-1) 4426005/4411530 info@nrna.org www.nrna.org

# कोरोना संक्रमणका कारण यस साता विदेशमा थप १३ जना नेपालीको मृत्यु

**Number of New Deaths Reported each week among Nepali Related to Corona Infection Worldwide during May 16 – Jul 04, 2020**




**Disclaimer:** Compiled by Health Committee of NRNA from different sources including Nepali community, Nepali organizations, doctors, nurses and health professionals working in different countries. Deaths and suicides after the diagnosis of Corona is included. Data not available in other countries. Week of death reported may not be same as week of actual death.

Global Health Committee

**Number of Total Infected among Nepali in Middle Eastern Countries Qatar, Saudi Arabia, UAE, Kuwait, Bahrain and Oman May 03 – Jul 04, 2020**




**Disclaimer:** Compiled by Health Committee of NRNA from different sources including Nepali community, Nepali organizations, doctors, nurses and health professionals working in different countries. Data not available in other countries

Global Health Committee

**Number of Total Recovery among Corona Infected Nepali Worldwide May 03 – Jul 04, 2020**




**Disclaimer:** Compiled by Health Committee of NRNA from different sources including Nepali community, Nepali organizations, doctors, nurses and health professionals working in different countries. Data not available in other countries.

Global Health Committee

कोरोना भाइरसको संक्रमणले विदेशमा यो साता थप १३ जनाको मृत्यु भएको छ । गैरआवासीय नेपाली संघ अन्तर्गतको स्वास्थ्य समितिकाअनुसार युएईमाथप ६ जना, भारतमा ५ जना, ओमानमा १ जना, कुवेत १ जना नेपालीको ज्यान गएको हो । समितिका अनुसार ४ जुलाई (शनिबार) साँझसम्म विदेशमा मात्र १४ देशमा संख्या १ सय ४३ जना नेपाली को कोरोना संक्रमणले ज्यानगएको हो । हालसम्म बेलायत, युएई, साउदी अरब, बहराइन, कुवेत, कतार, आयरल्याण्ड, जापान, टर्की, नेदरल्याण्ड र स्वीडेन, ओमान लगायत देशमा रहेका नेपाली हरूको कोरोना भाइरस संक्रमणका कारण ज्यान गएको छ ।

एनआरएनए स्वास्थ्य समितिका संयो-जक डा. सञ्जीव सापकोटाका अनुसार यो साता विदेशमा मध्यपूर्वका देश बाहेक अन्य मुलुकमा कोरोना संक्रमणको बढ्ने दर न्युन हुँदै गइरहेको छ । समिति का अनुसार शनिवार साँझसम्म विदेशमा २८ हजार ९ सय १८ जनामा कोरोना संक्रमण देखिएको छ भने २५ हजार २ सय २६ जना गैरआवासीय नेपाली कोरोना संक्रमण मुक्तभएका छन् । नेपालमा भने अहिलेसम्म ३४ जनाले ज्यान गुमाएका छन् । समितिका अनुसार हालसम्म विश्वभर ३७ देशमा रहेका नेपालीहरू कोरोना भाइरसबाट प्रभावित भएका छन् ।

# विदेशमा अलपत्र १८ हजार २ सय ९४ जना नेपालीको उद्धार



कोरोना भाइरसका कारणले विश्वव्यापी लकडाउन सुरू भएपछि विभिन्न देशमा रोकिएका नेपालीहरूमध्ये अहिलेसम्म १८ हजार २ सय ९४ जनाको उद्दार गरिएको छ । एनआरएनए र विदेशस्थित नेपाली कुटनीति नियोगको संयुक्त पहलबाट जुनको पहिलो सातादेखि हालसम्म २१ देशका १८ हजार २ सय ९४ जनाको उद्दार गरिएको हो । अफगानिस्तान, अष्ट्रिलया, ओमान, कतार, म्यानमार, कुवेत, जापान, थाइल्याण्ड, दक्षिण कोरिया, बंगलादेश, मलेसिया, माल्दिभ्स, श्रीलंका, युएई, साउदी अरब, सिंगापुर, हङकङ, पाकिस्तान, बहराइन, अमेरिका र बेलायतलगायतका देशमा रहेका नेपालीहरू नेपाल फर्केका छन् ।

यसैबीच विदेशमा मृत्यु भएका ३ सय ५२ जनामध्ये १ सय १५ को शव नेपाल ल्याएर अन्त्येष्टि गरिएको छ भने बाँकी १ सय ५ शवको व्यवस्थापनको कामबाँकी रहेको छ । तीमध्ये १ सय ३२ जना नेपालीहरूको शव परिवारको सहमतिमा विदेश मै अन्त्येष्टि गरिएको छ ।



# गैरआवासीय नेपाली संघद्वारा ३ होल्डिङ सेन्टरलाई पिउने पानी वितरण

गैरआवासीय नेपाली संघले काठमाडौँ जिल्लामा रहेका ३ होल्डिङ सेन्टरहरूलाई ५ दिनको लागि पुग्ने पिउने पानी उपलब्ध गराएको छ । संघका उपाध्यक्ष सोनाम लामाको पहलमा होल्डिङ सेन्टरहरूमा पानी उपलब्ध गराइएको हो ।

नेपाल रेडक्रस सोसाईटी काठमाडौँ जिल्ला शाखाको कोषाध्यक्ष लक्ष्मीरत्न तुलाधरको उपस्थितिमा स्काई लाईन पार्टी प्यालेसमा नेपाली सेनाका प्रतिनिधिलाई उपाध्यक्ष लामाले पानी हस्तान्तरण गर्नुभएको हो ।

होल्डिङ सेन्टरलाई सेनाले व्यवस्थापन गरिरहेको छ । नेपाल रेडक्रस सोसाईटी काठमाडौँ जिल्ला शाखाले विभिन्न संघ संस्थासँग सहकार्य गर्दै हाल त्यहाँ पानीको व्यवस्थापन गर्दैआएको छ ।




# एनसिसि मकाउद्वारा भएका कोभिड-१९ सम्बन्धि गतिविधि:

## पछिल्लो समयमा कोभिड-१९ सम्बन्ध भएका मुख्य गतिविधि:

- मकाउमा हाल कुनै पनि नेपाली कोभिड-१९ संक्रमित नभएको ।
- संक्रमित संख्या हालसम्म ४६ जना रहेपनि सबैको सफल उपचार गरिएकोछ ।
- मकाउमा कार्यरतहरु (blue card) लाई मकाउ प्रवेश निषेध यथावत रहेको छ ।
- मकाउमा दैनिक जनजीवन सामान्य अवस्थामा भई रहेता पनि कोभिड-१९ को स्वास्थ्य सम्बन्धी आवश्यक मापदण्ड र नियमहरु यथावत पालना गर्नुपर्ने ।
- मकाउमा कार्यरत रहि विदामा नेपाल गएकाहरु लकडाउन पछि ४०० जनाको हाराहारी रहेको छ ।
- रोजगारबाट भिषा नथपिएका, कामबाट निकालिएका कामबाट राजीनामा दिएका बिरामी गर्भवती र घुम्न आएकाहरु लकडाउन पछि मकाउमा रोकिएको र नेपाली महावाणिज्य दूतावास हङकङ तथा मकाउको सहयोगमा र आवश्यक समन्वय र सहकार्य गरी नेपाल वायुसेवा निगमको हङकङ आएको विमान चार्टर मार्फत ६३ जनालाई आवश्यक प्रक्रिया पूरा गरी 26 June मा नेपाल फर्किनको लागि पहल र सहजिकरणको भूमिका निर्वाह गरी कार्य गरिएको ।
- नेपाली महावाणिज्य दूतावास हङकङबाट दिइने सेवा र अति आवश्यक कार्यहरु लकडाउनले गर्दा गैरआवासीय नेपाली संघ मकाउले महावाणिज्य दूतावास संग समन्वय गरि मकाउमा रहेका नेपालीहरूलाई सहयोग र सेवा प्रदान गरिरहेको छ ।

# साउदि अरेविया

## साउदि अरबमा कोरोना संक्रमणको पछिल्लो अवस्था:

कोरोना महामारिका कारण हाल (7-July-2020) सम्म साउदि अरबमा संक्रमित संख्या २,१७,१०८ पुगेको र मृत्यु हुनेको संख्या २०१७ पुगेको छ भने १,५४,८३९ जना कोरोना बाट निको भएर फर्केका छन् । बिगत १ महिना अधिको आधिकारिक जानकारी अनुसार संक्रमित हुने नेपालीहरूको संख्या १,३६४ रहेको थियो जस मध्ये ९ जना नेपाली नागरिकको कोरोनाकै कारण ज्यान गएको पुष्टी भएको थियो ।

हाल सम्म गैरआवासिय नेपाली संघ साउदी अरब समक्ष आएका करिब ४०० पीडितहरूलाई यहाँ स्थित नेपाली कुटनितिक नियोगहरूसंग समन्वय र पैरवी पहल गर्दै तत्काल का लागि अत्यावश्यक खाद्यान्न लगायत अन्य सामाग्रीहरू बितरण गर्दैआएका छौं । साथै झन्डै एक हजार जती पीडितका गुनासाहरूलाई नेपाली राजादुताबास र महावाणिज्य दुताबास संग समन्वय गरी दुताबासको पहलमै समाधान र उद्धार गरि स्वदेश फिर्ताको प्रकृयामा रहेका र कतिपय स्वदेश फर्कीसके का छन् ।

नेपाल फर्किनको निम्ती कोरोना टेस्ट र अन्य प्रकृयामा अल्झिएका अधिकांश नेपालीहरूबाट आएका फोनकल हरूलाई बिभिन्न क्षेत्रमा रहेका संघका कार्यदलका पदाधिकारीले आवश्यक सुचना प्रवाह गर्नुको साथै सम्बन्धित निकाय संग समन्वय गर्नेकार्य निरन्तर हुंदै आएकोछ । नेपाल सरकारद्वारा तय गरिएका प्राथमिकताको आधारमा साउदि अरबमा अप्ठेरोमा परेका नेपालीहरूको स्वदेश फिर्ती कार्यको शुरूवात १८ जुन २०२० देखी भएको थियो । हाल सम्म साउदी अरबको राजाधानी रियाद, पश्चिम क्षेत्र जेध्दा र दमाम देखी हिमालय एयरलाइन्स र नेपाल एयरलाइन्स बाट गत १८ जुन देखी ६ जुलाई सम्म



कूल ३२१३ जना नेपालीहरू सहित ४४ वटा शवहरू स्वदेश फर्किसकेका छन्।

कोरोनाकै कारण कम्पनी बन्द भएर रोजगारी गुमाएका, खान बस्न नपाएका र घर फर्किन पाउं भन्दै पीडितका गुनासोहरू एनआरएनए साउदी समक्ष आउने क्रम जारी छ, यसको निम्ती साउदी अरबको बिभिन्न क्षेत्रहरूमा पीडितको उद्धार र राहतको लागि सम्बन्धित निकायसंग समन्वय र पैरवी गर्न एनआरएनए साउदी कोरोना उद्धार कार्यदलका पदाधिकारीहरू खटाइएका छन् र यो कार्यलाई संस्थाको साधन श्रोतले भ्याएसम्म निरन्तरता दिने प्रतिबध्दता ब्यक्त गर्दछौं ।








# गैरआवासीय नेपाली संघको राहत कोषमा रु १० करोड ७० लाख ८४ हजार ६ सय ६६ संकलन







गैरआवासीय नेपाली संघ कोभिड-१९ राहत कोष अन्तर्गत रू. १० करोड ७० लाख ८४ हजार ६ सय ६६ संकलन भएको छ । जस मध्ये अन्तर्राष्ट्रिय समन्वय परिषद्को कोभिड-१९ राहत कोषमा ३ करोड ९६ लाख ८२ हजार ४ सय ५३ र राष्ट्रिय समन्वय परिषद्हरूको कोभिड-१९ राहत कोषमा ६ करोड ७४ लाख २ हजार २ सय १३ रकम संकलन भएको छ ।

संकलन रकम मध्ये एशिया ५७ प्रतिशत, अमेरिकाज् १४ प्रतिशत, युरोप १७ प्रतिशत, मध्यपूर्व ५ प्रतिशत, ओसेनियाको ३ प्रतिशत र अन्तर्राष्ट्रिय समन्वय परिषद्को ४ प्रतिशत रकम रहेको छ ।

# आर्थिक प्रतिवेदन सार्वजनिक



गैरआवासीय नेपाली संघ (एनआरएन) का ५ वटा राष्ट्रिय समितिले आर्थिक प्रतिवेदन सार्वजनिक गरेका छन् । गैरआवासीय नेपाली संघका कोषाध्यक्ष महेश कुमार श्रेष्ठका अन'सार अमेरिका, अष्ट्रेलिया, जापान, मकाउ र नर्वे राष्ट्रिय समितिले आर्थिक प्रतिवेदन केन्द्रमा बुझाएका हुन् । गैरआवासीय नेपाली संघको गत अक्टोबरमा सम्पन्न निर्वाचनमा आर्थिक पारदर्शीताको प्रमुख एजेण्डा सहित आएको अध्यक्ष कुमार पन्तको कार्यसमितिले यसअघि संघमा पहिलो पटक बजेट बनाएर खर्च गर्ने प्रचलनको शुरूवात गरेको थियो ।

श्रेष्ठका अनुसार संघले आफ्नो आर्थिक विवरण वेवसाइट मार्फत सार्वजनिक गर्दै आएको छ । यसअघि संघले आर्थिक वर्ष २०७७/७८ का लागि रू ८७१२२९१० र २०७८ असार मसान्तसम्म रू १० करोड ९१ लाख ८५ हजार रकम अपुग हुने प्रक्षेपण को बजेट पारित गरेको थियो । श्रेष्ठका अनुसार संघले तीन तीन महिनामा हिसावकिताव बुझाउन सबै राष्ट्रिय समितिलाई निर्देशन दिएको थियो । कोभिड-१९ को कारणले अन्य राष्ट्रिय समितिको आर्थिक विवरण केन्द्रमा आउन ढिला भएको संघले जनाएको छ ।

# कोरोना महामारीका कारण युएईमा रोजगारी गुमाउनेको संख्या बढ्यो

युएई । युएईमा एउटै कम्पनीमा कार्यरत २५ सयभन्दा बढी नेपाली श्रमिकले एकैपटक रोजगारी गुमाएका छन् ।

कोरोना महामारीका कारण उत्पन्न संकटका कारण युएईको ट्रान्सगार्ड ग्रुप नामको आउटसोर्सिङ कम्पनीमार्फत काम गर्दै आएका २५ सय नेपालीले रोजगारी गुमाएका हुन् । यो कम्पनीमार्फत करिब १२ हजार नेपालीले युएईका विभिन्न कम्पनीमा काम गर्दै आएका छन् ।

तर पछिल्लो पटक कम्पनीले एकैपटक ठूलो संख्यामा नेपालीसँग भएको श्रम करार अन्त्य गरेको हो । करार अवधि बाँकी छँदै रोजगारी गुमाउनुपरेपछि त्यहाँ कार्यरत नेपाली समस्यामा परेका छन् । उनीहरूले आफ्नो समस्याबारे युएईस्थित नेपाली दूतावासमा जानकारी गराएका छन् ।

एकैपटक ठूलो संख्यामा नेपालीले रोजगारी गुमाएपछि दूतावासले यसको जानकारी परराष्ट्र मन्त्रालयमा गराएको छ । यूएईका विभिन्न क्याम्पमा रहेका ती नेपालीको उद्धार को लागि पहल सुरू गरिएको दूतावासका एक अधिकारीले बताए ।

उनका अनुसार कम्पनीले आफ्नै खर्चमा श्रमिकलाई नेपाल पठाउने प्रस्ताव गरेको छ । त्यसका लागि नेपाल सरकारले स्वीकृति दिनुपर्नेछ ।

आफूहरूलाई छिटो नेपाल फर्काउनुपर्ने रोजगारी गुमाएका नेपाली जयराम नेपालले बताए । कम्पनीले खान दिए पनि लामो समय विदेशमा रोकिँदा समस्या थपिँदै जाने उनको भनाइ छ ।

यूएईमा हाल करिब २५ हजार नेपाली रोजगारी गुमाएर फर्किनुपर्ने अवस्थामा छन् । हालसम्म ४ हजार मात्रै फर्किएका छन् ।

कोरोना महामारीको असरपछि रोजगारदाता कम्पनी आर्थिक संकटमा परेका छन् । जसका कारण उनीहरूले विदेशी कामदार कटौतीको नीति लिएका छन्।

गैरआवासीय नेपाली संघ
सुवर्ण सम्शेर मार्ग बालुवाटार, काठमाडौं, नेपाल
पोष्ट बक्स नं.: ११८९
फोनः ०१-४४११५३०/४४२६००५
ईमेलः info@nrna.org
वेबसाइटः www.nrna.org

**प्रधान सम्पादक**
डि. बि. क्षेत्री

**सम्पादक**
हेमन्त काफ्ले

**सम्पादन समुहः**
होम लम्साल
बसन्त रानाभाट
मेघराज सापकोटा
चिरन शर्मा


# NRNA HIGH LEVEL COMMITTEE ON CORONA PANDEMIC MITIGATION

| Position | Name | Affiliation | Country |
|---|---|---|---|
| Advisor | Mr Gagan Thapa | Former Minister of Health and Population | Nepal |
| Advisor | Dr Gangalal Tuladhar | Former Minister of Education & Disaster Management Expert | Nepal |
| Chair | Kumar Panta | President | Germany |
| Member | Dr. Badri K.C. | Vice President | Russia |
| Member | Arjun Kumar Shrestha | Vice President | Belgium |
| Member | Mana K.C. | Vice President | Australia |
| Member | Sonam Lama | Vice President | USA |
| Member | Rabina Thapa | Vice President - Women | USA |
| Member | Dr. Hem Raj Sharma | General Secretary | UK |
| Member | Gouri Raj Joshi | Secretary | USA |
| Member | R.K. Sharma | Secretary | Qatar |
| Member | Mahesh Kumar Shrestha | Treasurer | Japan |
| Member | Lok Prasad Dahal | Joint Treasurer | Belgium |
| Member | D.B Chettri | Spokesperson | Oman |
| Member | Bhoma Devi Limbu | Women Coordinator | Australia |
| Member | Himal Gurung | Youth Coordinator | Netherlands |
| Member | Dr Sanjeeb Sapkota | Chair, NRNA Health Committee | USA |
| Member | Dr Drona Rasali | Director, Population H Surveillance & Epidemiology, Provincial Health Services Authority, British Columbia | Canada |
| Member | Dr Alini Subedi | Central Clinical Hospital of Interior Ministry, Warsaw, Poland. | Poland |
| Member | Dr Kush Shrestha | President, Aussie Nepal Foundation | Australia |
| Member | Prof Dr Padam Simkhada | Global Public Health Expert, University of Huddersfield | UK |
| Member | Dr Puru Shrestha | Senior Public Health advocate | USA |
| Member | Dr Ramesh Kumar Khoju | President, Nepalese Doctors' Association UK | UK |
| Member | Prof Dr Satyan Man Rajbhandari | Health E change Nepal | UK |
| Member | Dr. Shakti Chaurasiya | Nepal Medical Students Society | Nepal |
| Member | Dr Shravan Kumar Mishra | Nepal Government Representative | Nepal |
| Member | Chiran sharma | Media Coordinator | UK |

# गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद्का कोभिड-१९ सम्बन्धी साप्ताहिक गतिविधीहरु

## २९ जुन–५ जुलाई २०२०

- **२९ जुन २०२० :** गैरआवासीय नेपालीसंघ र आइएलओ बीच उद्धार कार्यक्रम सञ्चालनका लागि एक सहमतिपत्रमा हस्ताक्षर ।

- **३ जुलाइ २०२०:** दिन एनसिसि युएसएको आथित्यतामा दोश्री राष्ट्रिय ज्ञान सम्मेलन र ९ औ वार्षिक साधारणसभाको अनलाइन बाट आयोजना गरिएको उद्घाटन समारोह सम्पन्न ।

- **३ जुलाइ २०२० :** स्वास्थ्य समितिको आयोजनामा मध्यपूर्वमा कोभिडका कारण समस्यामा परेका नेपालीहरुको मानसिक स्वास्थ्य सम्बन्धी विषयमा छलफल ।

- **४ जुलाइ २०२० :** १७ औं अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठक सम्पन्न । मुख्यतया आइएलओले सहयोग गर्न लागेको उद्धार परियोजना, कोभिड-१९ सम्बन्धी गतिविधिहरुका साथै अन्य सरोकार का विषयमा छलफल ।

- **५ जुलाई २०२० :** गैरआवासीय नेपाली संघले काठमाडौं जिल्लामा रहेका ३ होल्डिङ सेन्टरहरूलाई ५ दिनको लागि पानी उपलब्ध गराई सहयोग ।

- **७ जुलाई २०२०:** गैरआवासीय नेपाली संघ र आइएलओका लेखा विभागका सदस्यहरू वीच छलफल । आइएलओले रिप्याट्रेसका लागि उपलब्ध गराउने रकमको व्यवस्थापन बारे छलफल ।




HOTLINE

**घरेलु हिंसा पिडित महिलाहरुले यस संस्थाको हटलाइन +९७७-९८०८३२५५५ मा सम्पर्क गरी आफ्ना समस्या राख्न सक्नुहुनेछ ।**